# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश नेपाल


पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- ६८८

मिति :- २०७५/७/२८

**विषय- प्रक्रिया पूरा गरी योजना संचालन गर्ने बारे ।**

श्री वडा कार्यालयहरु (१ देखि ९ सम्म सबै)
दक्षिणकाली नगरपालिका ।

यस दक्षिणकाली नगरपालिकाको दोश्रो नगरसभाबाट स्वीकृत भएका तथा नगरकार्यपालिकाबाट समेत निर्णय भएका योजनाहरुको प्रक्रिया पूरा गरी रकम भुक्तानीको लागि माग गर्नु पर्नेमा कतिपय योजनाहरुको प्रक्रिया पूरा नगरेका कारणबाट भुक्तानीमा कठिनाई पर्न गएको भन्ने विभिन्न पक्षबाट गुनासो आएको सन्दर्भमा देहायका प्रक्रियाहरु पूरा गरेर मात्र भुक्तानीको लागि सिफारिस गर्ने व्यवस्था हुन अनुरोध गरिन्छ ।

<u>योजना कार्यान्वयन प्रक्रियाहरु</u>

१. योजना/कार्यक्रम छनौट तथा बजेट विनियोजन तर्जुमा (नगरसभाबाट स्वीकृत भएको हुनुपर्ने ।)
२. सम्भाव्यता अध्ययन (सम्बन्धित प्राविधिकहरुबाट) गर्ने
३. सर्भे, ड्रईङ, डिजाईन गरेको (सम्बन्धित प्राविधिकहरुबाट) हुनु पर्ने ।
४. उपभोक्ता समिति गठन (वडाका कर्मचारीहरुको रोहवरमा उपभोक्ताहरुको भेलाबाट) गर्ने ।
५. लागत ईस्टिमेट (ल.ई.) तयार गर्ने ।
६. योजना सम्झौता गरेर मात्र काम शुरु (उपभोक्ता समितिबाट) गर्ने ।
७. काम गर्दै रहँदा सम्बन्धित साइट ईन्चार्ज, जनप्रतिनिधि तथा अनुगमन समितिबाट अनुगमन गर्ने ।
८. काम सम्पन्न भएपछि प्राविधिकले वडाका प्रतिनिधि समेतको रोहवरमा मुल्याङ्कन गर्ने ।
९. मुल्याङ्कनको आधारमा वडाले भुक्तानीको लागि सिफारिस गर्ने ।
१०. वडाको सिफारिस, प्राविधिक कर्मचारीको मुल्याङ्कन र सम्बन्धित बिल भरपाई समेत भिडाई आयकर, मुल्य अभिवृद्धिकर, कन्टेन्जेन्सी आदि काट्नु पर्ने भए कट्टा गरी नियमानुसार पाउने रकममा १ लाख सम्मको भएका उपभोक्ता समितिका पदाधिकारीको नाममा र १ लाख भन्दा बढीको भएमा उपभोक्ता समितिको खातामा जम्मा हुने गरी (A/C Pay गरी) भुक्तानी दिने ।

उपर्युक्त बमोजिम १० (दश) चरण पूरा गरी योजना संचालन तथा फरफारक गर्नुपर्ने ।

७।२८

टीकाराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत